# शितगंगा नगरपालिका

## स्थानीय राजपत्र

**खण्डः ९, संख्याः २, मितिः २०८२/०३/२५**

## भाग - १

## शितगंगा नगरपालिका

शितगंगा नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### सम्बत् २०८२ सालको ऐन नंम्बर २

### शितगंगा नगरपालिकाको विनियोजन विधेयक, २०८२

शितगंगा नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२

**प्रस्तावना:** शितगंगा नगरपालिकाको आर्थिक वर्ष २०८२।०८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम शितगंगा नगरपालिकको नगरसभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भः (१)** यस विधयकको नाम **"शितगंगा नगरपालिकाको विनियोजन विधेयक,२०८२"** रहेको छ ।

(२) यो ऐन मिति २०८२/०४/०१ देखि लागू हुनेछ ।

२.**आर्थिक वर्ष २०८२/०८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**: (१)आर्थिक वर्ष २०८२।०८३ को निमित्त नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालु खर्च, पूँजिगत खर्च समेत गरी जम्मा रकम रु ९३,**३७,५०,०००।- (अक्षेरुपी रु तिरानब्बे करोड सैतिस लाख पचास हजार रुपैया मात्र**) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः (१)** यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२।०८३ को निमित्त शितगंगा नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त बिनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा

नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्चमा विनियोजित रकम चालु खर्च शीर्षकमा रकमान्तर गर्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृती लिनु पर्नेछ ।

(४) विनियोजन ऐन अनुसारको बजेट कार्यान्वयन गर्ने सन्दर्भमा आवश्यक पर्ने कार्यविधि, निर्देशिका, मापदण्ड नगर कार्यपालिकाले तर्जुमा गरी लागू गर्न सक्ने छ ।

अनुसूची-१

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

रु हजारमा

| क्र.सं. | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|
| १ | नगरकार्यपालिका, वडा, विषयगत शाखा | ६५५५५० | २८१२०० | ० | ९३६७५० |
| | **जम्मा** | **६५५५५०** | **२८१२००** | **०** | **९३६७५०** |

**प्रमाणिकरण मिति २०८२/०३/२५**

**आज्ञाले**

**मदन बहादुर जि.सी.**

**प्रमुख प्रशासकिय अधिकृत**